फोन : ५९७१३०७, ५९७१३०१
वेबसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८२/८३
च.नं. MIT/१४८२

केसलमहल, काठमाडौं, नेपाल
मितिः २०८२/१२/१७

## विद्युतीय खरिद प्रणाली (e-GP) प्रयोग गर्ने बोलपत्रदाताहरुका लागि अत्यन्त जरुरी सूचना ।

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ तथा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० ले व्यवस्था गरेबमोजिम एकल विद्युतीय खरिद प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको विदितै छ।

उक्त विद्युतीय खरिद प्रणालीमा बोलपत्रदाताहरुबाट बोलपत्र पेश गर्ने अन्तिम समयमा Bid Submission र Bid Modification को कार्य गर्दा बोलपत्र पेश गर्न नसकिएको भनि धेरै गुनासाहरु यस कार्यालयमा प्राप्त हुने गरेका छन्। धेरै जसो बोलपत्रदाताहरुले अन्तिम समयमा बोलपत्र पेश गर्ने प्रचलनका कारण प्रणालीमा अत्याधिक चाप बढ्न जाने भएको हुँदा निर्धारित समयमा बोलपत्र पेश हुन नसक्ने जोखिम रहन्छ।

विद्युतीय खरिद प्रणालीको Terms and Conditions of e-GP System User Agreement मा *"प्रयोगकर्ताले बोलपत्र पेश गर्नका लागि आवश्यक सबै प्रक्रिया र चरणहरू पूरा गर्नुपर्नेछ। कुनै बोलपत्र पेश गर्ने सबै प्रक्रिया र चरणहरू सफलतापूर्वक पूरा भए पश्चात मात्र बोलपत्र पेश भएको मानिनेछ। बोलपत्रदाताद्वारा अपूर्ण बोलपत्र/प्रस्ताव पेश गरिएको अवस्थामा, त्यसको जिम्मेवारी सार्वजनिक खरिद अनुगमन कार्यालय तथा सम्बन्धित सार्वजनिक निकायहरूले वहन गर्ने छैनन्।"* व्यवस्था भएको जानकारी गराइन्छ।

तसर्थ यस कार्यालयद्धारा बोलपत्रदाताहरुलाई समयमै बोलपत्र पेश गर्न, अन्तिम समयमा बोलपत्र पेश हुन नसकेमा बोलपत्रदाता स्वयं जिम्मेवार हुने र अन्तिम समयमा यस कार्यालयद्धारा प्राविधिक सहायता प्रदान गर्न समय अभाव रहन सक्ने हुँदा प्राविधिक सहायताको लागि कम्तिमा पनि एक दिन अगावै सम्पर्क गर्नहुन यसै सूचना मार्फत जानकारी गराउदछौं।

२०८२/१२/१७

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत